लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही,दाङ

५ नं.प्रदेश, नेपाल

प.सं :२०७७।०७८ च.न मिती : २०७७/०६/४

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय पशुसेवा उपशाखा लमहीको आ.ब. २०७७/०७८ को बार्षिक कार्यक्रम संचालन सम्बन्धी

## कार्यविधि, २०७७

| सि.न | कार्यक्रमहरु | कार्यविधि |
|---|---|---|
| १ | प्रयोगशाला समाग्री खरिद,औषधिहरु खरिद अन्य आवश्यक समाग्री खरिद | ➢ सार्वजनिक खरिद ऐन २०६४ बमाजिम खरिद गरिनेछ । |
| २ | प्रयोगशाला तालिमको लागि प्रशिक्षक तथा प्राविधिकको खर्च | ➢ प्रशिक्षकलाई नेपाल सरकारले तोकिएको बमोजिम दैनिक भ्रमण भत्ताको व्यवस्था गरीने छ । |
| ३. | कुकुर बन्ध्याकरण शिविर | ➢ लमही न.पा. पशु सेवा शाखामा विषेशज्ञ को टोली बाट ३ दिने निशुल्क शिविर संचालन गर्ने ।<br>➢ कार्यक्रम संचालनका लागि पत्रिका,रेडियो व्यानर मार्फत् व्यापक सूचना प्रवाह गर्ने ।<br>➢ घरपालुवा अथवा सामुदायीक, कुकुर गरी जम्मा कममा १०० बढिमा १२० कुकुर बार्षिक लक्ष्य रहेको सो भन्दा बढी पनि हुन सक्ने छ ।<br>नाफा विहिन संस्थाबाट कार्यक्रम संचालन गरी व्यवस्थापन खर्च बाहेक प्रती कुकुर लाग्ने खर्चको स्टिमेटको आधामा ५० प्रतिशत रकम शिविरमा संचालनमा लागेको व्यवस्था खर्च बाहेकको अन्य खर्च संस्था लाई A/C चेक मार्फत गरिनेछ । |
| ४. | पशु स्वास्थ्य शिविर कार्यक्रम | ➢ १ दिने पशु स्वास्थ्य शिविर लमही न.पा. ३ नं वडाको फल्कापुरमा ९ नं. वडा को अमेलियामा संचालन गर्ने ।<br>➢ शिविरका लागि आवश्यक औषधी सार्वजनिक खरिद ऐन २०६४ बमोजिम खरिद गर्ने ।<br>➢ शिविरमा सम्पूर्ण प्राविधिक सेवा र औषधी कृषक लाई निशुल्क उपलब्ध गराउने ।<br>➢ आमन्त्रित प्रतिनिधी र प्राविधिक लाई खाना खाजा तथा खर्च नियमावली अनुसार दैनिक भत्ता उपलब्ध गराउने । |
| ५. | बंगुरको बिर वितरण | ➢ सूचना प्रकाशित गरी माग प्रस्ताव आह्वान गर्ने । |

२०७७/६/४

... क्षेत्री

... प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | ➢ लमही न.पा. मा दर्ता भएका बंगुरपालक कृषकहरुले प्रस्ताव पेश गर्न सक्नेछन् ।<br>➢ पशु शाखाले तयार पारेको मूल्याकनका फरमेटमा अनुगमन गरी मूल्याङ्कन गरी आर्थिक विकास समितिले छनोट गर्ने छ,<br>➢ उन्नत बंगुरको विर सरकारी निकाय बंगुर विकाश कार्यक्रम , खुमलटार ललितपुर बाट खरिद गर्ने ।<br>➢ कार्यक्रमका लागि फार्म छनौटका लागि न.पाको आर्थिक विकास समितिले निर्धारित मूल्याङ्कन फारमका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट फर्म छनौट गर्ने ।<br>➢ सम्वन्धि वडा अध्यक्षको सहभागितामा छनौट भएका कृषक लाई बंगुरको विर वितरण गर्ने । |
| ६. | साना किसानको लागी वोयर जातको बोका ७५ प्रतिशतको वितरण | ➢ कम्तिमा १५ दिने सूचना प्रकाशित गरी माग आह्वान गर्ने<br>➢ बाखामा प्रजनन् सुधारका लागि वढी बाखापालन गरेको निजि फार्म/पुराना बाखापालनका समुह/,साना कृषक लाई लमही नगरपालिकाको कार्यालयको छनोट समितिको सिफारिसमा ७५ प्रतिशतको निशुल्क तयारी बोका उपलब्ध गराउने ।<br>➢ कार्यक्रमका लागि फार्म/समुह,समिति छनौटका लागि न.पा. बाट गठित मूल्याङ्कन समितिले मूल्याङ्कन गरी उत्कृष्ट छनौट गर्ने ।<br>➢ छनौट भएको निजि फर्म/बाखा विकाश समिति/समुह,कृषकलालाई रजिष्टर वोयर बाखा फार्म बाट ७५ प्रतिशत नश्लको वोयर बोकाहरु खरिद गर्ने । र सम्झौता गरी जनप्रतिनिधीको सहभागितामा वितरण गर्ने ।<br>➢ लमही नगरपालिकाको कार्यालयको नगर प्रमुख ,उप प्रमुख र आर्थिक विकाश समितिको संयोजकको संयूक्त वैठकले निर्णय गरेको तथा सिफारिस गरेको बाखापालक कृषक लाई वितरण गरिने छ ।<br>➢ सम्वन्धि वडा अध्यक्षको सहभागितामा छनौट भएका कृषक लाई वोयर जातको बोका वितरण गर्ने |
| ७. | सेक्सड सिमेन खरिद तथा वितरण गर्ने | ➢ वाच्छीनै जन्मिने सेक्स सिमेन उपलब्ध गराउने संस्था वा सप्लायर्ससंग सार्वजनिक खरिद ऐन २०६४ बमाजिम खरिद गरिनेछ<br>➢ नगरपालिका अन्तर्गत दर्ता भएका गाई/भैंसी फर्ममा उक्त सिमेन कृषक लाई उपलब्ध गराउने ।<br>➢ कृ.ग. ईन्सिमिनेटरले ईच्छाएको गाई/भैंसीमा र पशु सेवा शाखा प्रमुखको सिफारिसमा निशुल्क सेक्स सिमेन प्रयोग गर्नपाउने<br>➢ कृ.ग शुल्क ५०० मा ५० प्रतिशत मात्र कृषकले उपलब्ध गराउने ।<br>➢ भ्याक्सिन लगाए वाफत् तपशिल अनुसारको भुक्तानी दिईनेछ र पारिश्रमिक वाफत १ प्रतिशतको दरले कर कट्टि गरी भुक्तानी गरीने छ। । भुक्तानि A/C द्धारा गरीने छ । |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

०६६।३।४

...ल बहादुर खत्री क्षेत्री
... प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| ८. | लमही नगरपालिका क्षेत्र अन्तर्गत गाई,भैंसीमा ५० प्रतिशत छुटमा कृत्रिम गर्भधान कार्यक्रम | ➢ वार्षिक लक्ष्य ८०० पशुको लागि हुनेछ ।<br>➢ कार्यक्रमका लागि कृ.ग. तालिम प्राप्त ईन्सेमिनेटर संग सम्झौता गरी, संचालन गरिनेछ ।<br>➢ लमही नगरपालिका क्षेत्र भित्र कृ.ग. गरे वाफत शुल्क प्रति पशु रु.५००। (पाँच सय) हुनेछ । जसमध्ये ५० प्रतिशत रकम कृषकले र ५० प्रतिशत रकम नगरपालिकाको कार्यक्रम बाट ईन्सेमिनेटर लाई उपलब्ध गराईने छ ।<br>➢ यो कार्यक्रम संचालनको लागी कम्तिमा ३ जना कृत्रिम गर्भाधान कार्यकर्तालाई एक अ.व को लागी मात्र नियूक्ति गरीने छ ।<br>➢ भ्याक्सिन लगाए वाफत् तपशिल अनुसारको भुक्तानी दिईनेछ र पारिश्रमिक वाफत १ प्रतिशतको दरले कर कट्टि गरी भुत्तानी गरीने छ। । भुत्तानि A/C द्धारा गरीने छ ।<br>➢ ईन्सेमिनेटरले लमही न.पा. पशु सेवा उप शाखाले प्रदान गरेको कृ.ग. प्रमाण पत्र (कार्ड) भरि प्रगती पेश गर्नु पर्नेछ ।<br>➢ प्रगती मासिक रुपमा लमही न.पा. पशु सेवा उप शाखामा पेश गर्नुपर्ने छ ।<br>➢ सम्वन्धि वडा कार्यालयको सिफारिसमा भएको खण्डमा भुक्तानी दिईने छ । |
| ९. | हिँउदे घाँस जै, वर्षिम , वर्षे घाँस सूपर नेपियर, सिडलेस किम्वु र भटमासे पशु सेवा शाखाले निशुल्क रुपमा वितरण र वर्षे घाँस टियोसेन्टी,सुडान ५० प्रतिशत अनुदानमा वितरण गर्ने । | ➢ ग सार्वजनिक खरिद ऐन २०६४ वमाजिम खरिद गरिनेछ<br>➢ विउ उत्पादन सहकारी संस्था वा लमही न.पा. मा सूचीकृत एग्रोभेट खरिद गर्ने ।<br>➢ जै,वर्षिम, सूपर नेपियर, सिडलेस किम्वु, भटमासे जस्ता घाँसहरु कृषकहरुलाई निशुल्क रुपमा वितरण गर्ने<br>➢ हिँउदे घाँस वर्षिम असोज १५ सम्म र वर्षे घाँस टियोसेन्टी लाई फागुन १५ सम्ममा उपलब्ध गराई सक्ने ।<br>➢ कृषकले घाँसका लागि नागरिकताको प्रतिलीपी र व्यवसायीक फर्म संचालकले फर्म दर्ता प्रमाण पत्रको पत्रको प्रतिलीपी पेश गर्नु पर्ने ।<br>➢ ठुलो परिमाणमा घाँस लगाउने कृषकले जग्गा पुर्जाको प्रतिलिपी वा लिजमा लिएको भए लिज सम्झौता पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।<br>➢ कृषकबाट घाँसको माग संकलन गर्ने कम्तिमा १५ दिने सूचना प्रकाशन गर्ने र सबै वडा कार्यालयहरुलाई जानकारी गराउने ।<br>➢ खुल्ला विउको हकमा १० प्रतिशत नोक्सानी राखी खरिद गरीने छ ।<br>➢<br>➢ घाँस उपलब्ध गराउने मापदण्ड<br>➢ २ देखी ५ गाई/भैंसी र २० वाखाका लागि = ५ के.जी. घाँस<br>➢ १० देखी १५ गाई/भैंसी र ३० वाखाका लागि = १५ के.जी. घाँस<br>➢ १५ देखी २० गाई/भैंसी र ३० वाखाका लागि = २० के.जी. घाँस |

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | ➢ २० देखी माथी गाई/भैसी र ५० भन्दा माथी बाखाका लागि २५ के.जी. घाँस<br>➢ ५० प्रतिशत रकम उठाउने हकमा कृषकबाट ५० प्रतिशतको रकम उठाई सम्बन्धीत एग्रोभेट वा अन्य संस्थाको खातामा जम्मा गरी भौचर जम्मा गरिनेछ र ५० प्रतिशत रकम नगरपालिकाबाट गरी एकमुष्ट घाँस खरिद गरिने संस्था/एग्रोभेट लाई A/C चेक मार्फत भुक्तनी दिने ।<br>➢ कृषक लाई वितरण गरेको भर्पाई रेकर्ड राख्ने । |
| १०. | व्यवसायिक पशु फार्म निर्माण | १ आधुनिक बाखा फार्म स्थापना ५० प्रतिशत सहकार्यमा<br>२ गाई /भैसीको नमुना फार्म स्थापना ५० प्रतिशत सहकार्यमा<br>➢ कार्यक्रम संचालनका लागि१५ दिने सूचना प्रकाशित गरी प्रस्ताब आह्वान गर्ने ।<br>➢ प्राप्त प्रस्ताबबाट छनौटका लागि लमही नगरपालिकाको कार्यालयको नगर प्रमुख ,उप प्रमुख र आर्थिक विकाश समितिको संयोजकको संयूक्त बैठकले निर्णय गरेको तथा सिफारिस गरेको फार्म बाखा फार्म गाई /भैसीको नमुना गोठ निमार्ण गर्नको लागी समुह / समिति लाई छनौट गर्ने ।<br>➢ लमही नगरपालिकाको पशु सेवा उपशाखा र प्राविधिक शाखाले उपलब्ध गराएको गोठ खोरको डिजाई नक्सा र स्टिमेटको आधारमा निमार्ण गर्नुपर्ने छ<br>➢ छनौट भएको फार्म संग सम्झौता गरी अनुदान रकम A/C निमार्ण गर्ने ठेकदार वा समुह/समितिलाई चेक मार्फत भुक्तानी दिने ।<br>➢ सम्झौता अनुसार काम भए/नभएको अनुगमन गर्ने । |
| ११. | बंगुरको विर वितरण | ➢ सूचना प्रकाशित गरी माग प्रस्ताब आह्वान गर्ने ।<br>➢ लमही न.पा. मा दर्ता भएका बंगुरपालक कृषकहरुले प्रस्ताव पेश गर्न सक्नेछन् ।<br>➢ उन्नत बंगुरको विर सरकारी निकाय बंगुर बिकाश कार्यक्रम , खुमलटार ललितपुर बाट खरिद गर्ने ।<br>➢ कार्यक्रमका लागि फर्म छनौटका लागि न.पा. बाट गठित मूल्याङ्कन समितिले निर्धारित मूल्याङ्कन फारमका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट फर्म छनौट गर्ने ।<br>➢ जनप्रतिनिधीको सहभागितामा छनौट भएका कृषक लाई बंगुरको विर वितरण गर्ने<br>➢ गत वर्ष प्राप्त गरेका फार्महरुलाई नदोहोरीने गरी फार्म छनोट गर्ने । |
| १२. | गत वर्ष डिपिङ्ग ट्याकी निमार्ण भएका स्थानहरुमा पानी तान्ने मोटर तथा पाईप खरीद | ➢ गत आ.ब. २०७५०७६ मा संचालित बाखा पकेट विशेष कार्यक्रम लागु भएको क्षेत्र लमही न.पा. वडा नं. ८ र ९ अन्तर्गत डिपिङ टंकी निर्माण सम्पन्न भएका स्थानहरुमा पानी तान्ने मोटर तथा पाईप खरीद कार्य लमही नगरपालिकाको कार्यालयको खरीद समितिले सार्वजनिक खरिद ऐन २०६४ बमोजिम खरिद गर्ने छ बितरण कार्य लमही नगरपालिका को |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

२०७६/३/१८
कुल बहादुर घर्ती क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | कार्यालयका नगर प्रमुख र सम्बन्धित वडा अध्यक्षताको उपस्थिमा गरीने छ। |
| १३. | मत्स्य विकास कार्यकम | पुरानो पोखरी मर्मत<br>➢ लमही नगरपालिका अन्तर्गत माछापालन व्यववसाय गर्दै आएका माछापालक कृषकका लागि पुरानो पोखरी मर्मत सुधार कार्यक्रम ६ जना लाई दिने ।<br>➢ कार्यक्रमका लागि स्थानीय पत्रिकामा सूचना प्रकाशित गरी प्रस्ताब आह्वान गर्ने ।<br>➢ प्राप्त प्रस्तावबहरुबाट गठित मूयाङ्कन समितीले निर्धारित मूल्याङ्कन फारमका आधारमा मूल्याङ्कन गरी फार्म छनौट गर्ने ।<br>➢ छनौट भएको फर्म संग सम्झौता गरी अनुदान रकम चेक A/C मार्फत सम्बन्धीत फार्म लाई भुक्तानी दिने ।<br>➢ कार्यक्रमको उपलब्धी तथा अनुदान सदुपयोग भए नभएको बारे जनप्रतिनिधी सहितको टोलीबाट पटक पटक अनुगमन गरिने ।<br>नयाँ पोखरी निमार्ण र महाजाल वितरण ८जनालाई ५० प्रतिशत सहकार्यमा :–<br>➢ माछा पोखरी निमार्ण महाजाल वितरण लागी अनुदानका लागि स्थानीय पत्रिकामा सूचना प्रकाशित गरी निबेदन आह्वान गर्ने ।<br>➢ नयाँ माछा पोखरी निमार्णको लागी कम्तिमा ५ कट्ठामा संचालन गरेको हुनुपर्ने ।<br>➢ प्रति कट्ठा ३०,०००।–(तिस हजारको ) दरले अनुदान उपलब्ध गराउने<br>➢ लमही नगरपालिका अन्नर्गत माछापालन व्यववसाय गर्दै आएका माछापालक कृर्षकका लागि नयाँ पोखरी निमार्ण महाजाल वितरण गरी माछापालन गर्न चाहने कृर्षकको लागी उक्त कार्यक्रममा सहभागि गराईने छ ।<br>➢ उक्त कार्यक्रमा सहभागी हुने माछापालक फार्म आधिकारीक रुपमा दर्तावाला हुनु पर्ने छ<br>➢ पोखरी निमार्ण र महाजाल खरीद गर्न लाग्ने टोटल खर्चको प्राविधि स्टिमेटको ५० प्रतिशत मात्र अनुदान रकम लमही नगरपालिकाले उपलब्ध गराउने छ<br>➢ छनौटका लागि साना माछापालक कृषक,विपन्न लाई प्राथमिकता दिने ।<br>➢ छनौटका लागि फर्म नगरपालिकामा दर्ता गरेको हुनु पर्नेछ । |

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

| | | |
|---|---|---|
| | लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल | ➢ फार्म छनौटका गर्न न.पा. बाट गठित मुल्याङ्कन तथा छनोट समितिले निर्धारित मूल्याङ्कन फारमका आधारमा मूल्याङ्कन गरी छनौट हुने । |
| १४. | पशु पन्छीको रोग विरुद्धको खोप खरिद तथा लगाउने कार्यक्रम | ➢ ग सार्वजनिक खरिद ऐन २०६४ बमाजिम खरिद गरिनेछ ।<br>➢ सूचीकृत एग्रोभेट बाट कोटेशन माग गर्ने वा नेपाल सरकार मान्यता प्राप्त संस्थाबाट खरिद गर्ने ।<br>➢ सूचना प्रकाशित गरी भ्याक्सिनेटर नियुक्ती गर्ने ।<br>➢ भ्याक्सिनेटर जे.टी.ए. पास वा ग्रा.प.स्वा.का. हुनु पर्ने ।<br>➢ लमही न.पा. अन्तर्गतका सबै वडाहरुमा लगाउने ।<br>➢ भ्याक्सिनेटरले भ्याक्सिन लगाएको प्रगती रिपोर्ट सम्वन्धित वडा बाट प्रमाणित गराई पेश गर्नु पर्ने छ ।<br>➢ भ्याक्सिन लगाए बाफत् तपशिल अनुसारको भुक्तानी दिईनेछ र पारिश्रमिक बाफत १ प्रतिशतको दरले कर कट्टि गरी भुत्तानी गरीने छ ।<br>➢ सम्वन्धीत वडाका जनप्रतिनिधीबाट अनुगमन तथा भ्याक्सिनेटरहरुलाई आपस्यक सहयोग गर्ने ।<br>➢ भ्याक्सिन लगाए बापत् बाखाको पि.पि.आर. को प्रती बाखा रु.५ का दरले,गाई/भैंसीको खोरेत तथा भ्यागुते चरचरे र बंगुरको स्वाईन फिवर भ्याक्सिन लगाए बापत् प्रती पशु रु. १० का दरले पारिश्रमीक भुक्तनी दिने ।<br>➢ सम्वन्धि वडा कार्यालय काम सम्पन्न गरेको सिफारिसमा पारिश्रमिक रकम उपलब्ध गराईने । |
| १५ | सूचना तथा प्रसारण | ➢ लमही नगरपालिका पशु सेवा उपशाखाको आ.व ०७६/०७७ मा सम्पन्न गरेका कामहरुको सूचना र चालु कार्यक्रमहरुको सूचान प्रशारण गर्ने ।<br>➢ सूचना प्रसारणको लागी कुनै एक स्थानिय पत्र पत्रिका तथा एफ.एम लाई सम्झौता गरी बार्षिक रुपमा कार्यक्रम संचालन गरीने छ । |
| १६ | व्यवसायिक गाई/भैंसी,भेडा/बाखा, बंगुर/सुंगुर,कुखुरा पालन व्यवस्थापन सम्वन्धी ३ दिने तालिम | तालिम संचालन गर्ने स्थानः लमही नगरपालिका कार्यालयको हलमा ।<br>➢ लमही नगरपालिका अन्तर्गत पशुपालन व्यवसाय गरेका कृषक हुनु पर्ने ।<br>➢ कृषको छनौट वडा कार्यालयको सिफारिस बाट हुनु पर्ने यदी लमही नगरपालिकाको कार्यालयले पत्र पठाएको ७ (सात) दिनसम्म वडा कार्यालय बाट कृषकहरुको नाम सिफारिस नगरेमा शाखाले कृषक छनोट गरी तालिमा कृषकलाई सहभागी गराउन सक्ने छ ।<br>➢ एक तालिममा कम्तिमा २५ जना कृषक सहभागी हुनु पर्ने ।<br>➢ कृषकहरु लाई नगरपालिकाको स्वीकृत खर्च कार्यविधि अनुसार बिहानको खाना ,आतेजाते भाडा, स्टेस्नरी,खाजा उपलब्ध गराउने<br>➢ प्रत्येक दिन ४ वटा कक्षा संचालन हुनु पर्ने । |

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

| | | |
|---|---|---|
| | | ➢ तालिम प्रशिक्षक भत्ता वापत् प्रती कक्षा न.पा. स्वीकृत खर्च कार्यविधि अनुसार प्रशिक्षक भत्ता उपलब्ध गराउने ।<br>➢ कार्यक्रमको उद्घाटन,समापन न.पा. प्रमुख,उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वाट हुने र खर्च स्वीकृत कार्यविधि अनुसार हुनेछ । |
| १७ | वाखा पकेट कार्यक्रम नयाँ संचालन | ➢ यो कार्यक्रम संघीय सरकारको साझेदारीमा संचालन गरीने भएको हुदा संघीय सरकारको कार्यविधि अनुसार गरीने छ । |
| १८ | मलसामान ढुवानिको लागि | ➢ सम्झौता गरी जिल्लाको दर रेट अनुसार गरीने छ । |

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner

लम्हीं नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

लम्ही, दाङ

पशु सेवा उपशाखाको आ.व ०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मत्स्य विकास अन्तर्गत माछाको पुरानो पोखरी मर्मत र नयाँ पोखरी निमार्ण र महाजाल वितरणको लागी मुल्याङ्कनका आधारहरु :

फार्मको नाम :

कृषकको नाम : ठेगाना :

अनुदान प्राप्त गर्ने शिर्षक :

| सि.नं | विवरण | पूर्णाकं | अंक प्रदान गर्ने आधारहरु | प्राप्ताङ्क | जम्मा प्राप्ताङ्क | कै |
|---|---|---|---|---|---|---|
| १ | माछापालन व्यवसाय स्थापना बर्ष | २० | १ देखि २ बर्षसम्म १० अंक<br>३ देखि ५बर्षसम्म १५ अंक<br>५ बर्ष देखि १० बर्ष माथि २० अंक | | | |
| २ | माछापालन व्यवसाय संचालन गरेको क्षेत्रफल | २५ | ५ कठ्ठासम्म १० अंक<br>६ कठ्ठा देखी १० कठ्ठासम्म १५ अंक<br>१० कठ्ठा देखी २० कठ्ठासम्म २० अंक<br>२० कठ्ठा देखी ३० कठ्ठासम्म वा सो भन्दा बढि क्षेत्रफलमा गरेको २५ अंक | | | |
| ३ | माछाको जात | १५ | १ पुर्ण रुपमा नेपाल सरकारले सिफारिस गरेको माछापालन गरेको व्यवसायिलाई १५ अंक<br>२ मिश्रीत तरीकाले माछापालन गरेको व्यवसायिलाई १० अंक | | | |
| ४ | सरकारी निकायबाट बिगत २ बर्ष भित्रमा सोहि प्रकृतिको अनुदान पाएको/नपाएको | १५ | २ बर्ष अगाडी वा पछाडी पाएकोले ५ अंक<br>१ पटक पनि अनुदान नपाएकोले व्यवसायिले १० अंक | | | |
| ५ | तोकिएको कागजातहरु | १० | १ सूचानामा उल्लेखित कागजात पुरा गरेको फार्मलाई १० अंक<br>२ कागजात पुरा नगरेकोलाई ० अंक | | | |
| ६ | प्रस्तावित माछापालक फार्मको लागत इष्टिमेट कार्य योजना | १५ | १ भएकोमा १५ अंक<br>२ नभएकोमा ५ अंक | | | |
| | जम्मा | १०० | | जम्मा प्राप्ताङ्क : | | |

लम्हीं
०६६/३/४

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner

लमही नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

लमही, दाङ

पशु सेवा उपशाखाको आ.व ०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बंगुरको विर वितरण गर्नको लागी मूल्याङ्कन गर्नको लागी आधारहरुको फरमेट :

फार्मको नाम :

कृषकको नाम : ठेगाना :

अनुदान प्राप्त गर्ने शिर्षक :

| सि.नं | विवरण | पूर्णाकं | अंक प्रदान गर्ने आधारहरु | प्राप्ताङ्क | जम्मा प्राप्ताङ्क | कै |
|---|---|---|---|---|---|---|
| १ | बंगुर व्यवसाय स्थापना बर्ष | १० | १ देखि २ वर्षसम्म ५ अंक ५<br>३ देखि ५बर्ष वा सो भन्दा माथि सम्म १० अंक | | | |
| २ | माऊ बंगुरको संख्या | २५ | १ माऊ संख्या ५ देखी १० संख्या भएमा १०<br>२ माऊ संख्या १५ देखी २० वा सो भन्दा माथि संख्या भएमा २५ | | | |
| २ | बंगुर व्यवसाय संचालन गरेको क्षेत्रफल | २० | १, २ कट्ठासम्म ३ अंक ५<br>२, ३ कट्ठा देखी ५ कट्ठासम्म १० अंक<br>३, जैविक शुरक्षा सहितको माथि उल्लेख भएको क्षेत्रफलमा बंगुरपालन भएको व्यवस्यापनमा २० अंक | | | |
| ३ | जात जात | १० | १ एकल जातको बगुर पालन गरेको व्यवसायिलाई ५ अंक<br>२ मिश्रीत तरीकाले बंगुर यालन गरेको व्यवसायिलाई १० अंक | | | |
| ४ | सरकारी निकायबाट विगत २ बर्ष भित्रमा सोहि प्रकृतिको अनुदान पाएको/नपाएको | १५ | २ बर्ष अगाडी वा पछाडी पाएकोले ५ अंक<br>१ पटक पनि अनुदान नपाएकोले व्यवसायिले १५ अंक | | | |
| ५ | तोकिएको कागजातहरु | १० | १ सूचानामा उल्लेखित कागजात पुरा गरेको फार्मलाई १० अंक<br>२ कागजात पुरा नगरेकोलाई ० अंक | | | |
| ६ | प्रस्तावित बंगुर फार्मको लागत कार्य योजना | १० | १ भएकोमा ५ अंक<br>२ नभएकोमा १० अंक | | | |
| | जम्मा | १०० | | जम्मा प्राप्ताङ्क : | | |

२०७७।३।१८

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner